## शिवनाथ गाउँपालिका

## शिवनाथ, बैतडी

## सुदूरपश्चिम प्रदेश, नेपाल

# स्थानीय राजपत्र

## शिवनाथ गाँउपालिकाद्धारा प्रकाशित


## खण्डः ७ अंकः ०३ मिति २०८०/०२/१६ गते मंगलबार


## भाग -२

### दुर्घटना बीमा संचालन कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट मिति २०८०/०२/१६ मा स्वीकृत भएको दुर्घटना बीमा संचालन कार्यविधि, २०८० स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

**प्रस्तावनाः** यस शिवनाथ गाउँपालिकाका जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु तथा भारतमा काम गर्न जाने कामदारहरुको दुर्घटना बीमा गर्न वाञ्छनीय देखिएकोले यो कार्यविधि बनाई लागू गरिएको छ ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " दुर्घटना बीमा संचालन कार्यविधि, २०८० " रहेको छ ।

(२) यो कार्यविधि शिवनाथ गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "गाउँपालिका" भन्नाले शिवनाथ गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "जनप्रतिनिधि" भन्नाले शिवनाथ गाउँपालिका भित्रका निर्वाचित बहालवाला गा.पा. अध्यक्ष, गा.पा. उपाध्यक्ष, वडा अध्यक्ष, वडा सदस्य र कार्यपालिका सदस्य समेतलाई सम्झनु पर्दछ ।

(ग) "कर्मचारी" भन्नाले गाउँपालिकामा कार्यरत स्थायी, अस्थायी, सेवा करार र ज्यालादारीमा रहेका सबै तहका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

(घ) "कामदार" भन्नाले भारतमा काम गर्न जाने सबै कामदारहरुलाई सम्झनु पर्दछ ।

(ङ) "बीमा व्यवसाय" दुर्घटना बीमा समेतिलाई सम्झनु पर्दछ ।

(च) "दुर्घटना बीमा" भन्नाले कुनै व्यक्तिको जीवन सम्बन्धमा निजको आयुको आधारमा किस्ताबन्दी बुझाउने गरी कुनै खास रकम तिरेमा निजले वा निजको मृत्यु भएको अवस्थामा निजको हकवालाले कुनै खास रकम पाउने गरी गरिने करार सम्बन्धी व्यवसाय सम्झनु पर्दछ ।

(छ) "बीमालेख" भन्नाले बीमाको करारनमा सम्बन्धी अधिकार तथा दायित्व उल्लेख भएको लिखत सम्झनु पर्दछ ।

(ज) "बीमित" भन्नाले जीवन बीमा गराउने व्यक्ती वा संस्थालाई सम्झनु पर्दछ ।

(झ) "बीमा अभिकर्ता" भन्नाले बीमाको तलवी कर्मचारी कमिशनको आधारमा बीमकको तर्फबाट काम गर्ने (बीमा ऐन, २०४९ दफा ३० बमोजिम) इजाजत पत्र प्राप्त व्यक्ति सम्झनु पर्दछ ।

(ञ) "कोष" भन्नाले गाउँपालिका भित्रका जनप्रतिनिधि, कर्मचारी र भारतमा काम गर्ने कामदारहरुको दुर्घटना बीमाको कोष वा विनियोजन गरेको रकमलाई सम्झनु पर्दछ ।

(ट) "समिति" भन्नाले गाउँपालिकाभित्र जनप्रतिनिधि, कर्मचारी तथा भारतमा काम गर्ने कामदारहरुको दुर्घटना बीमा गर्न व्यवस्था गर्ने बनेको दफा १० बमोजिम गठित कोष संचालन समितिलाई सम्झनु पर्छ ।

(ठ) "अध्यक्ष" भन्नाले कोष संचालन समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

(ड) "सदस्य" भन्नाले कोष संचालन समितिका सदस्य सम्झनु पर्दछ र यस शब्दले समितिको अध्यक्षलाई समेत जनाउँदछ ।

## परिच्छेद-२

### ३. कोष खडा गर्ने:

गाउँपालिकाले जनप्रतिनिधि, कर्माचारी तथा भारतमा काम गर्ने कामदारको दुर्घटना बीमा गर्न एक कोष स्थापना गर्न सक्नेछ वा बजेट विनियोजन गर्न सक्नेछ र त्यस्तो रकमको स्रोत गाउँपालिकाको आन्तरिक आम्दानीबाट प्रबन्ध गरिनेछ ।

### ४. बीमा गरिने:

गाउँपालिकाका जनप्रतिनिधि, कर्माचारी तथा भारतमा काम गर्ने कामदारहरुको दुर्घटना बीमाको लागि नेपाल सरकारबाट स्वीकृत प्राप्त बीमा कम्पनीसँग समितीले सोझै बीमालेखको सम्झौता गर्न सक्नेछ ।

५. गाउँपालिकाका जनप्रतिनिधि, कर्माचारी तथा भारतमा काम गर्ने कामदारहरुलाई गाउँपालिकाले तिन लाख देखि पाँच लाख सम्मको दुर्घटना बीमा गराउन सक्नेछ ।

५.१. भारतमा काम गर्ने कामदारको हकमा १ लाख देखी ३ लाखसम्मको दुर्घटना बीमा गरिनेछ ।

६. गाउँपालिकाका जनप्रतिनिधि, कर्माचारी तथा भारतमा काम गर्ने कामदारहरुको आफ्नो कार्यसम्पादन गर्दाका वखत हुन सक्ने दुर्घटनाबाट हुने क्षति बापत बीमित पक्षले देहाय अनुसारको सुविधा प्राप्त हुने गरी बीमालेख तयार गर्ने व्यवस्था मिलाईनेछ ।

(क) दुर्घटनाको कारण मृत्यू भएमा बिमा रकमको आधारमा तिन लाख देखि पाँच लाख रुपैयाँसम्म दुर्घटना बीमा अन्तर्गत प्राप्त गर्ने छन् ।

(ख) दुर्घटनाको कारणबाट श्रम नियमावली, २०५० मा उल्लेख भए बमोजिमका चोटपटकका कारणबाट ७५ प्रतिशत भन्दा बढी असक्तता भएकोमा बीमा रकमको आधारमा तिन लाख देखि पाँच लाख रुपैयासम्म दुर्घटना ब्रीमा अन्तर्गत प्राप्त गर्ने छन ।

(ग) खण्ड (क) र (ख) मा लेखिएको अवस्थामा बाहेक दुर्घटनाबाट उपचार बापत लाग्ने खर्चको हकमा बील बमोजिम बढीमा दुई लाख रुपैयाँसम्म वास्तविक उपचार खर्च दुर्घटना बीमा अन्तर्गत मात्र प्राप्त गर्ने छन ।

तर, (क) दर्घटना बीमा अन्तर्गत मात्र उपचार खर्च मध्ये २० प्रतिशत बरावर रकम सम्बन्धित बीमितले नै व्यहोर्नु गर्छ र ८० प्रतिशत बीमकले व्यहोर्ने छ ।

(घ) दुर्घटना बीमा अन्तर्गत मात्र उपचार खर्चको कुल रकम बीमाङ्कको २ प्रतिशत भन्दा कम भएको अवस्थामा बीमितले क्षतिपूर्ति दावी गर्न पाउने छैन ।

७. **बीमितले लाभ प्राप्त गर्ने अवस्थाः** (१) बीमा लेख जारी भएकोमा बीमाबाट बीमितले आफ्नो कर्तव्यपालनको सिलसिलामा भएको दुर्घटनाका कारण उत्पन्न देहायको कुनै अवस्थामा लाभ प्राप्त गर्न सक्नेछ ।

(क) दुर्घटना बीमा अन्तर्गत

- बीमित व्यक्तिको मृत्यु भएमा ।
- बीमित व्यक्ति स्थायी रुमले पूर्ण वा आंशिक रुपमा अशक्त भएमा ।
- बीमित व्यक्ति अस्थायी रुपले पूर्ण अशक्त भएमा ।
- बीमित व्यक्ति दुर्घटनामा परी घरमै बसेर उपचार गर्नुपर्ने अवस्थामा निजको औषधोपचारमा बील बमोजिमको लाग्ने खर्च बीमितले भराई लिन पाउनेछ ।
- बीमित व्यक्तिको मृत्यु भएका निजले इच्छाएको व्यक्तिले र ईच्छाएको व्यक्ति नभएमा नजिकको हकवालाले बीमा रकम बुझिलिन पाउनेछ ।

८. **बीमितले बीमा सुविधा प्राप्त गर्न नसक्ने अवस्थाः** दफा ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि दुर्घटना बीमा अन्तर्गत देहायको अवस्था वा कारणबाट बीमितको मृत्यु भएमा वा निजलाई चोटपटक लागेमा देहाय बमोजिम सुविधा दाबी गर्न पाइने छैन ।

- कार्यालयको कामको सिलसिलामा बाहेक जोखिम छ भन्ने जानीजानी काम गरेको कारणले आफैले चोट पटक लागएको भएमा, आत्माहत्या वा सो को प्रयास गरेमा, मादक पदार्थ वा लागुऔषकीको प्रभावको कारणले कुनै घटना घटेको भएमा ।
- प्रचलित कानून बमोजिम अनुमति प्रास हवाइजहाजमा यात्रा गरेको बाहेक अन्य उडानमा हवाइयात्रा गरी घटना घटेमा, कावा खेल्ने खेल, घोडा दौड, बन्जी जम्पिङ, प्याराग्लाडिङ वा मोटरसाइकल दौड, पोलो, सिकार, स्की ड्रइभिङ, पर्वतारोहण, निसाबाजी वा यस्तै साहसिक खेलमा संलग्न भएको कारण घटना घटेको भएमा ।
- होस ठेगाना नभएको कारणबाट सिर्जना भएको घटनामा बीमित व्यक्तिले प्रचलित कानून प्रतिकुल कार्य गरेका कारणबाट सिर्जीत परिणाममा, दुर्घटनाबाट नभई उत्वेग वा स्नायु सम्बन्धी चोटपटकका कारणबाट घटेको घटना भएमा ।
- मानव जीवन रक्षा गर्ने प्रयास गर्दा बाहेक नचाहिदो खतरा मोल्ने कार्य गरे बापत दुर्घटना भएमा ।
- आवणिक विकिरण वा आणविक इन्धनको विष्फोटन वा ज्वलन पछी बाँकी रहन गएको पदार्थबाट निस्कने रेडियोधर्मीताको कारण हुने दुर्घटनामा ।

९. **बीमा शुल्क वा बीमितको योगदानः** यस कार्यविधि बमोजिम बीमा कार्यक्रममा सहभागी हरेक बीमितका लागि वार्षिक रुपमा बीमा शुल्क बुझाउनु पर्ने, यस गाउँपालिका जनप्रतिनिधि तथा कर्मचारीहरु सार्वजनिक पदमा रहुन्जेलसम्म गाउँपालिकाले व्यहोर्ने छ ।

तर, गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरु पदमा नरहेको अवस्थामा बीमालाई निरन्तरता दिन चाहेमा आफैले बीमा शुल्क बुझाउनु पर्नेछ ।

## परिच्छेद-३

१०. **कोषको सञ्चालनः** यस कार्यविधिको दफा ३ बमोजिम स्थापित कोषको संञ्चालन गाउँपालिकाले देहाय बमोजिमको समिति गठन गरी गर्नेछ ।

**१- कोषको संञ्चालन समिती**

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्षः | (अध्यक्ष) |
| (ख) आर्थिक विकास समिति संयोजकः | ( सदस्य) |
| (ग) सामाजिक विकास समिति संयोजकः | ( सदस्य) |

(घ) कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्येबाट एक जना महिला एक जना दलित सहित तिन जनाः ( सदस्य)

(ङ) प्रमुख प्रशासकीय अधिकृतः ( सदस्य-सचिव)

२- कोषको खाता संचालन

यस कार्यविधिको दफा १० बमोजिम स्थापित कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको दस्तखतबाट संञ्चालन गरिने छ ।

**११. समितिको काम, कर्तव्य र अधिकारः** दफा १० बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**१- कोषको संञ्चालन समिति**

- कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- तोकिएको दुर्घटना बीमा शुल्क गाउँपालिकाको तर्फबाट व्यहोर्नु पर्ने दायित्व भुक्तानीका लागि खर्च गरिने रकमको अंश तोक्ने तथा भुक्तानी दिने ।
- दुर्घटना बीमा सम्वन्धी बीमक र बीमा कम्पनीसँग समन्वय गरी सम्झौता गर्ने गराउने ।
- दुर्घटना बीमा कार्यक्रममा जनप्रतिनिधि, कर्माचारी तथा भारतमा काम गर्ने कामदारहरुलाई सहभागी गराउने ।
- दुर्घटना बीमा सम्वन्धी भएका घटनाहरु बीमालेखमा भए बमोजिम सिफारिस गर्ने ।
- कोषको लेख तयार गर्ने ।
- दुर्घटना बीमा कार्यक्रम अन्तर्गत बीमितहरुको शुल्कको नियमित भुक्तानीको व्यवस्था मिलाउने ।
- बीमा व्यवसायसँग सम्वन्धित अन्य आवश्य कार्य गर्ने गाराउने ।
- यस कार्यविधिमा व्यवस्था भएको कार्यहरुलाई कार्यन्वयन गराउने ।

**१२. कोष संचालन समितिको बैठकः** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा हुनेछ ।

- समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
- समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।
- समितिको कुल सदस्यको ६० प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

१३. **प्रतिक्रया निर्धाण गर्न सक्नेः** समितिले जनप्रतिनिधि, कर्मचारी तथा भारतमा काम गर्ने कामदारहरुको दुर्घटना बीमाका सम्बन्धमा यस कार्यविधिमा व्यवस्था नभएका विषयमा आवश्यकता अनुसार थप प्रक्रया निर्धाण गर्न सक्नेछ ।

**आज्ञाले**

**नरेन्द्र सिह महता**

**प्रमुख प्रशासकीय अधिकृत**